कीर्तिमानी स्तरमा घट्दै बेलायती अर्बपति

बेलायत (एजेन्सी) जेठ ४- बेलायती अर्थमन्त्री (चान्सलर) रचले रिभ्सले पछिल्लो समय बढाएको आम्दानी करका कारण बेलायती अर्बपतिहरू कीर्तिमानी स्तरमा घटेको बताइएको छ। केही अर्बपतिले त 'सुनको अन्डा दिने कुखुरो' नै मार्ने नीति ल्याएको आरोप लगाएका छन्।

नयाँ नीति सार्वजनिक भएयता धेरैजसो बेलायती अर्बपतिहरू बसाई सर्न थालेका छन्। सन् २०२२ मा बेलायती अर्बपतिको संख्या एक सय ७७ अर्बपति थिए। अहिले २१ जना अर्बपतिले आफ्नो 'स्टाटस' गुमाउन पुगेका छन्।

सन् २०२४ मा तीन प्रतिशत अर्बपति घट्न पुगेका छन्। गएको ३७ वर्षदेखि बेलायतको टाइम्स अखबारले हरेक वर्ष अर्बपतिहरूको सूची जारी गर्ने गरेको छ। त्यसयता तीन वर्षयता लगातार अर्बपतिहरूको संख्या घटिरहेको पनि देखिएको छ।

अर्बपतिको शीर्ष १० सूची

- गोपी हिन्दुजा र परिवार (३५.३० अर्ब पाउन्ड)
- डेभिड र सिमोन रुबेन (२६.८७३ अर्ब पाउन्ड)
- सर लियोनार्ड ब्लाभात्निक (२५.७२५ अर्ब)
- सर जेम्स डाइसन र परिवार (२०.८ अर्ब)
- इडान ओफर (२०.१२१ अर्ब पाउन्ड)
- गाय, जर्ज, एलानाह र गलेन वेस्टन तथा परिवार (१७.७४६ अर्ब पाउन्ड)
- सर जेम्स रेट्क्लिफ (१७.०४६ अर्ब पाउन्ड)
- लक्ष्मी मित्तल तथा परिवार (१५.४४४ अर्ब पाउन्ड)
- जोन फ्रेडरिक्सन तथा परिवार (१३.६८३ अर्ब पाउन्ड)
- इगोर तथा दिमित्री बुकम्यान (१२.५४ अर्ब पाउन्ड)

पछिल्लो समय अर्थमन्त्री (चान्सलर) रिभ्सले पारिवारिक कर र आम्दानी कर तिर्नुपर्ने भएपछि त्यसले अर्बपतिको संख्या घटाउन भूमिका खेलेको केही व्यापारीको गुनासो छ। २० प्रतिशत पारिवारिक कर तिर्दा एउटा अर्बपतिले कम्तीमा १० लाख पाउन्ड तिर्नुपर्ने देखिएको छ। यसले पारिवारिक व्यापार ध्वस्त पार्ने आलोचकहरूले धनीहरूको सूची जारी गर्दा बताएका छन्।

गोपी हिन्दुजा

धनीहरूलाई कर लगाउने कुरा निकै लोकप्रिय हुने गर्छ। यो कुरा करनीतिमा नै उल्लेख भइसकेपछि केही अर्बपतिहरूले बेलायत छाडेर अन्य मुलुकको नागरिकता लिन थालेका छन्। गएकामध्ये सबैभन्दा चर्चित भारतीय मूलका लक्ष्मी मित्तल पनि एक हुन्। ७४ वर्षीय मित्तलले गएको वर्ष नै बेलायती नागरिकता त्यागेका छन्। उनीसँग पहिले नै स्विट्जरल्यान्डको नागरिकता थियो। त्यस्तै ८० वर्षे सर रोको फोर्ते इटाली बसाई सरेका छन्।

बेलायती अर्बपतिहरू इटाली, स्विट्जरल्यान्ड, मोनाको तथा दुबईतर्फ बसाई सर्न थालेका छन्।

टाइम्स अखबारले अर्बपतिको सूचीसँगै दानीहरूको सूची पनि सार्वजनिक गर्ने गरेको छ। दानीहरूको सबैभन्दा शीर्षमा सुनील सेटिया, ग्रेग स्किनर, सर क्रिन होन, हेनरी इगलहार्ट र डेनी ब्राएर्न इल्स, एलन पार्कर, सर एल्टन जोन, लर्ड एडमिस्टन, सर पल मार्सल, ड्युक अफ डेभोनसायर तथा सर माइकल मोजिल्ज र हेरियट हेम्यान रहेका छन्। दान दिइरहने सूचीमा पर्ने लेखिका जेके रोलिङ भने २० औं नम्बरकी दातामा परेकी छन्। उनले गएको वर्ष १८.३ मिलियन पाउन्ड दान दिएकी छिन्।

सिद्धार्थ बैंकका ग्राहकलाई होलिडे इन रिसोर्टमा छुट

काठमाडौं, जेठ ४ (नागरिक)- सिद्धार्थ बैंक र होलिडे इन रिसोर्ट बुढानीलकण्ठबिच बैंकका ग्राहकलाई विभिन्न सेवामा छुट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ। सम्झौताअनुसार बैंकका ग्राहकले बुढानीलकण्ठस्थित होलिडे इन रिसर्ट काठमाडौंमा बैंकको कार्ड तथा मोबाईल बैंकिङ सेवाबाट भुक्तानी गर्दा फुड र सफ्ट बेभरेजमा १५ प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन्। सम्झौताले ग्राहकलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ

गैंडाकोटमा कजारियाको नयाँ सोरुम

काठमाडौं, जेठ ४ (नागरिक)- टायल कम्पनी कजारियाले नेपालमा आफ्नो उपस्थिति अझै मजबुत बनाउँदै गैंडाकोट, नवलपुरमा अत्याधुनिक सोरुम सुरु गरेको छ। न्यु राजस्थानी मार्बल एन्ड टाइल्स सप्लायर्सद्वारा सञ्चालित यस सोरुमले उच्च गुणस्तरका टायलहरूको बढ्दो मागलाई पूरा गर्ने लक्ष्य राखेको छ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका अध्यक्ष अमृत भट्टचनको उपस्थिति रहेको थियो। कार्यक्रममा कजारिया रमेश टाइल्स लिमिटेडका क्षेत्रीय सेल्स प्रतिनिधि विकास गौतमको उपस्थिति रहेको थियो।

कार्यक्रममा कजारिया रमेश टाइल्स लिमिटेडका राष्ट्रिय प्रबन्धक अभ्यासभूषण तिवारीले नयाँ सोरुमको सुरुवातले सेवा विस्तार भएको बताए। नवलपुर जिल्लाको महत्त्वपूर्ण क्षेत्र गैंडाकोटमा रहेको यो नयाँ सोरुमले प्रिमियम टायलहरूको विस्तृत संग्रह प्रदान गर्छ।

प्रिमियम टाइल्सलाई नेपालभर सहजै उपलब्ध गराउने आफ्नो लक्ष्यलाई निरन्तरता दिँदै यस सोरुमको शुभारम्भ कजारियाको लागि महत्त्वपूर्ण उपलब्धि हो। रमेश कर्प र भारतको अग्रणी टायल उत्पादक कजारिया सेरामिक्स लिमिटेडको संयुक्त उद्यम कजारिया रमेश टाइल्स लिमिटेडले नवलपरासीमा नेपालको सबैभन्दा ठूलो टायल उत्पादन प्लान्ट स्थापना गरेको छ।

सानिमाको बिमालेख नवीकरणमा शतप्रतिशत विलम्ब शुल्क छुट

काठमाडौं, जेठ ४ (नागरिक)- सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले व्यतीत बिमालेखको नवीकरण गर्दा लाग्ने विलम्ब शुल्कमा शत प्रतिशत छुटसहितको पुनर्जागरण अभियान सुरु गरेको छ। विभिन्न कारणले समयमै बिमाशुल्क भुक्तानी गर्न असमर्थ ग्राहकवर्गलाई मध्यनजर गर्दै यो योजना सार्वजनिक गरेको हो।

यस पुनर्जागरण अभियान जेठ १ गतेदेखि २५ गतेसम्म लागु हुनेछ। पुनर्जागरण अभियानअन्तर्गत बिमालेख अवधिभित्र एक पटक मात्र ब्याज छुटको सुविधा प्रदान गरिने संस्थाले जनाएको छ। सामान्य अवस्थामा बिमालेख व्यतीत रहँदा बिमितले रक्षावरण गुमाउनुका साथै अतिरिक्त विलम्ब शुल्क पनि भुक्तानी गर्नुपर्ने हुन्छ। संस्थाले सार्वजनिक गरेको पुनर्जागरण अभियानमा भने विलम्ब शुल्कमा छुटको सेवा सुविधा लिई व्यतीत बिमालेख नवीकरण गरी मौकाको फाइदा लिन कम्पनीले अनुरोध गरेको छ। हरेक नेपालीलाई बिमाको दायराभित्र ल्याई बिमित र बिमितसँग आश्रितको आर्थिक पक्ष सबल र सुदृढ गर्नका लागि जीवनबिमा अनिवार्य रहेको छ।

ग्राहकवर्गले संस्थाको देशैभरि रहेका एक सय ६९ शाखा कार्यालयबाट वा अनलाइन भुक्तानीका माध्यमबाट यस योजनामा सहभागी हुन सकिनेछ।

दैलेखमा दाहाललाई 'काँक्रो' उपहार

गोविन्द केसी

वीरेन्द्रनगर, जेठ ४

पूर्वप्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाललाई दैलेखमा किसानले काँक्रो उपहार दिएका छन्। 'जनतासँग माओवादी : मध्यपहाडी लोकमार्ग जनजागरण अभियान'अन्तर्गत आइतबार अछाम हुँदै दैलेख पुगेका दाहाललाई चामुण्डाविन्द्रासैनी नगरपालिकाका एक किसानले आफूले बेच्न ल्याएको काँक्रो उपहार दिएर स्वागत गरेका हुन्।

अछामबाट पश्चिम दैलेखको राकम कर्णालीमा जनसंवाद कार्यक्रम सकेर चामुण्डाविन्द्रासैनी नगरपालिकाको मुकाम जम्बुकोंध पुगेका दाहाललाई डौंसुर गाउँका स्थानीय किसान नगेन्द्र खड्काले काँक्रो उपहार दिएर स्वागत गरेका थिए। लामो समयदेखि गाउँमै तरकारी खेती गर्दै आएका नगेन्द्रले यसपालि दाहाललाई काँक्रो उपहार दिन पाएको खुसी साटेका छन्। उनले आफ्नो बारीमा उत्पादन भएको वस्तु उपहार दिन पाउँदा खुसी भएको बताए।

उत्पादन भए पनि बजार नहुँदा धेरै किसान निराश भएको बेला उनले आफ्नो हातले देशको अगुवा नेतालाई आफ्नै गाउँमा उपहार दिन पाएको भन्दै खुसी व्यक्त गरे। गाउँमै लगनशील भएर लामो समयदेखि तरकारी खेती गर्दै आएका नगेन्द्रले बेला बेलामा टिकटकमा तरकारीले बजार नपाएको भन्दै गाईभैंसीलाई समेत खुवाएर ध्यान आकर्षण गर्ने गरेका थिए।

कार्यक्रममा दाहालले दैलेख सदरमुकाममा भएको आमसभालाई सम्बोधन गर्दै नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउनु काम गर्ने कर्मचारीमाथि अत्याचार गर्नु रहेको बताए। दाहालले सरकारले राम्रो काम गर्ने कर्मचारीहरूलाई प्रताडित गर्ने, अत्याचार र अपमान गर्ने काम गरिरहेको भन्दै त्यो अत्याचार कुलमान घिसिङमाथि मात्रै नभएर सम्पूर्ण नेपालीहरूको पहिचानमाथि गरिएको अत्याचार रहेको बताए। उनले राम्रो काम गर्ने कर्मचारीलाई सरकारले हटाएकोसमेत आरोप लगाए।

दैलेखका किसानले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई काँक्रो उपचार दिँदै। *तस्बिर : नागरिक*

उनले आफू प्रधानमन्त्री हुँदा कर्णालीको पक्षमा गर्न खोजेका सबै कार्यक्रमका सेट नै हटाइएको आरोपसमेत लगाए। जनपक्षीय र जनताको काम गर्ने पार्टी माओवादी भएकोसमेत उद्घोष गरे। उनी दैलेखपछि सोमबार मध्यपहाडी लोकमार्गबाट जाजरकोट हुँदै रुकुमपश्चिम जाने कार्यक्रम रहेको छ।

एनसेलले अपांगता समावेशीकरण प्रवर्धन गर्ने

काठमाडौं, जेठ ४ (नागरिक)- एनसेलले अपांगता भएका व्यक्तिहरूको डिजिटल समावेशीकरणलाई प्रवर्धन गर्ने आफ्नो प्रतिबद्धता पुनः पुष्टि गर्दै जिएसएमएले जारी गरेको अपांगता भएका व्यक्तिहरूका लागि डिजिटल समावेशीकरण प्रवर्धन गर्ने सिद्धान्तहरूमा हस्ताक्षर गरेको छ।

जिएसएमए विश्वभरका मोबाइल सेवा प्रदायक कम्पनीहरूको छाता संगठन हो। जिएसएमएका यी सिद्धान्तहरूले डिजिटल समावेशीकरण प्रवर्धन गर्न र मोबाइल सेवामा अपांगता भएका व्यक्तिहरूको पहुँचको खाडल हटाउन विश्वभरका मोबाइल सेवा प्रदायकहरूलाई प्रेरणा र मार्गनिर्देशन प्रदान गर्छ। जिएसएमएसँगको यो सहकार्यले सबैभाझ मोबाइल प्रविधि र डिजिटल सेवाहरूको पहुँच र यसका अवसरहरूबाट पाइने लाभ समान रूपमा सुनिश्चित गराउन पर्छ भन्ने एनसेलको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्छ। यी सिद्धान्तहरूमा हस्ताक्षर गर्ने एनसेल पहिलो नेपाली मोबाइल सेवा प्रदायक कम्पनी हो।

यो उपलब्धिले एनसेलका हाल जारी विभिन्न पहल तथा प्रयासहरूलाई थप बलियो बनाउँछ। यस्ता कार्यहरूमा अपांगता भएका व्यक्तिहरूका लागि सधैं अन योजना अन्तर्गत डेटामा ५० प्रतिशत छुट, ग्राहकमैत्री सेवा केन्द्रहरू, पूर्ण रूपमा अपांगता मैत्री कार्यालय संरचना, नेपालका पारा खेलाडीहरूलाई सशक्त बनाउने सहकार्यलगायतका पहलहरू समावेश रहेका छन्।

एक अग्रणी जिएसएम मोबाइल सेवा प्रदायकका रूपमा, एनसेलले समावेशीकरण, दिगोपन र उद्देश्यप्रेरित नवप्रवर्तनका कार्यहरूमा केन्द्रित रहँदै आएको छ। 'हामीले केवल सम्पर्क स्थापित गर्ने कनेक्टिभिटी सेवा मात्र उपलब्ध गराइरहेका छैनौं, जिएसएमएसँग अपांगता भएका व्यक्तिहरूको डिजिटल समावेशीकरण प्रवर्धन गर्ने कार्य गरेका छौं,' एनसेलकी एनसेल फाउन्डेसन एन्ड स्पेसल प्रोजेक्ट डायरेक्टर विशाखा लक्ष्मी खड्काले भनिन्।

नेपाल सरकार
सहरी विकास मन्त्रालय
काठमाडौं उपत्यका विकास प्राधिकरण
Project: Urban Ecosystem-based Adapataion for Climate Resilient Development in Kathmandu Valley, Nepal
अनामनगर, काठमाण्डौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०८२।०२।०५

यस कार्यालयको मिति २०८१/१०/२० मा नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम निम्न कार्यहरुका लागि अनलाईन मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका सारभुत रुपमा प्रभावग्राह्य न्युनतम मूल्याङ्कित बोलपत्रहरु स्वीकृतिका लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजानिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै सार्वजानिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरु लाई ७ (सात) दिने आशयको सुचना समेत यसै सुचनाबाट जानकारी गराईन्छ।

सि.नं	ठेक्का नं	कामको विवरण	निर्माण व्यवसायीको नाम	कबोल गरेको रकम रु. (पि.एस. र मु.अ.क. बाहेक)
१	UEbA/KVDA/NCB/ Works/2024/2025-01	Slope Stability and EbA Interventions at Nil Barahi Community Forest, Madhyapur Thimi Municipality, Bhaktapur	M/S G.S./Golamadevi JV, Melamchi 11, Sindhupalchowk	Nrs. 5,45,11,325.40

राष्ट्रिय आयोजना निर्देशक

Shuklagandaki Municipality
Office of the Municipal Executive
Dulegaunda, Tanahun
Gandaki Province, Nepal

Invitation for only Electronic Bids

First Date of Publication: 2082/02/05

1. The ***Shuklagandaki Municipality*** invites only electronic bids from Nepalese eligible bidders for the following projects under Sealed Quotation and National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shuklagandaki Municipality, Office of the Municipal Executive, Dulegaunda, Tanahun or may visit PPMO website www.bolpatra.gov.np/egp.

Project Description:

S. N.	Name of the Project	Contract Identification No.	Estimated amount NRs. (Exclusive VAT and PS items)	Bid Security Amount NRs.	Bid Price NRs.	Last Date of Submission
1	Open Gym (Supply, Delivery and Installation of Open Gym equipment with all complete works)	37/SQ/GOODS/ SMC/2081-082	14,00,284.72	40,000.00	1,000	2082/02/20
2	Kot khadka Kalika Motor Marga, Shuklagandaki Municipality-09, Tanahun	38/NCB/WORKS/ SMC/2081-082	34,47,720.66	1,00,000.00	3,000	2082/03/04
3	Dhurbatara Motor Marga, Shuklagandaki Municipality-10, Tanahun	39/NCB/WORKS/ SMC/2081-082	51,56,202.38	1,50,000.00	3,000	2082/03/04
4	Lalim Malebagar Kimaldanda Marga, Shukagandaki Municipality-08, Tanahun	40/NCB/WORKS/ SMC/2081-082	86,96,054.78	2,50,000.00	3,000	2082/03/04
5	Kaidale Chhakra Motor Marga, Shuklagandaki Municipality-11, Tanahun	41/NCB/WORKS/ SMC/2081-082	25,74,138.39	75,000.00	3,000	2082/03/04
6	Jaarkate Pul Nirman, Shuklagandaki Municipality-11, Tanahun	42/NCB/WORKS/ SMC/2081-082	77,51,254.09	2,30,000.00	3,000	2082/03/04

Chief Administrative Officer

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना ५ गते सोमबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसग गरेको शर्त कबुलियत उल्लघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१) शाखा कार्यालय : खोलेसिमल शाखा

क) कर्जा शिर्षक : व्यावसाबिक आवधिक कर्जा तथा फ्लेक्जी व्यवसायीक आवधिक कर्जा

ऋणीको विवरण

नाम : **होटल ब्लु स्काई** प्रोप्राईटरको नाम : राम नाथ लम्साल प्रा.फा.द.नं. : ७६४/०७७/०७८
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय बागमती प्रदेश भरतपुर, चितवन
दर्ता मिति : २०७७/०९/०३
रजिष्टर्ड ठेगाना : चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ८ स्थायी लेखा नं. : ६१४६११२३२

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) यदु कुमार लम्सालको नाति बैकुण्ठनाथ लम्सालको छोरा चितवन जिल्ला रत्ननगर वडा नं. ८ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **रामनाथ लम्साल** (ना.प्र.नं. : ४६५४/०४४ जारी मिति र जिल्ला : २०५७/१०/१८, चितवन)

२) खडानन्द लम्सालको नाति यदु कुमार लम्सालको छोरा चितवन जिल्ला मंगलपुर वडा नं. ४ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **बैकुण्ठनाथ लम्साल** (ना.प्र.नं. : ९६० जारी मिति र जिल्ला : २०४६/०३/०६, चितवन)

३) दामोदर न्यौपानेको छोरी बैकुण्ठनाथ लम्सालको बुहारी रामनाथ लम्सालको पत्नी चितवन जिल्ला रत्ननगर वडा नं. ८ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **सुनिता लम्साल** (ना.प्र.नं. : ३५३०२०/९५५ जारी मिति र जिल्ला : २०६३/१०/१३, चितवन)

४) एकानन्द खनालको छोरी यदु कुमार लम्सालको बुहारी बैकुण्ठनाथ लम्सालको पत्नी चितवन जिल्ला मंगलपुर वडा नं. ८ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **योग माया लम्साल** (ना.प्र.नं. : २०१७ जारी मिति र जिल्ला : २०४६/०३/०६, चितवन)

५) बैकुण्ठनाथ लम्सालको नाति रामनाथ लम्सालको छोरा चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. १० बस्ने **सुराग लम्साल** (ना.प्र.नं. : ३५-०१-७५-०४७५८ जारी मिति र जिल्ला : २०७५/०४/०१, चितवन)

ख) कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा तथा मोर्टगेज आवधिक कर्जा

ऋणीको विवरण

यदु कुमार लम्सालको नाति बैकुण्ठनाथ लम्सालको छोरा चितवन जिल्ला रत्ननगर वडा नं. ८ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **रामनाथ लम्साल** (ना.प्र.नं. : ४६५४/०४४ जारी मिति र जिल्ला : २०५७/१०/१८, चितवन)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) खडानन्द लम्सालको नाति यदु कुमार लम्सालको छोरा चितवन जिल्ला मंगलपुर वडा नं. ४ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **बैकुण्ठनाथ लम्साल** (ना.प्र.नं. : ९६० जारी मिति र जिल्ला : २०४६/०३/०६, चितवन)

२) दामोदर न्यौपानेको छोरी बैकुण्ठनाथ लम्सालको बुहारी रामनाथ लम्सालको पत्नी चितवन जिल्ला रत्ननगर वडा नं. ८ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **सुनिता लम्साल** (ना.प्र.नं. : ३५३०२०/९५५ जारी मिति र जिल्ला : २०६३/१०/१३, चितवन)

३) एकानन्द खनालको छोरी यदु कुमार लम्सालको बुहारी बैकुण्ठनाथ लम्सालको पत्नी चितवन जिल्ला मंगलपुर वडा नं. ८ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **योग माया लम्साल** (ना.प्र.नं. : २०१७ जारी मिति र जिल्ला : २०४६/०३/०६, चितवन)

४) बैकुण्ठनाथ लम्सालको नाति रामनाथ लम्सालको छोरा चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. १० बस्ने **सुराग लम्साल** (ना.प्र.नं. : ३५-०१-७५-०४७५८ जारी मिति र जिल्ला : २०७५/०४/०१, चितवन)

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण : मिति २०८१/१२/१४ को कारोबार दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

२) शाखा कार्यालय : टाँडी शाखा **कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**

ऋणीको विवरण

मिन बहादुर भण्डारीको नाति फणिन्द्र बहादुर भण्डारीको छोरा चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ८ हाल, खैरहनी वडा नं. ४ बस्ने रामचन्द्र भण्डारी (ना.प्र.नं. २७६८ जारी मिति र जिल्ला : २०५६/१०/१०, चितवन)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) फणिन्द्र बहादुर भण्डारीको बुहारी रामचन्द्र भण्डारीको पत्नि चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ८ हाल, खैरहनी वडा नं. ४ बस्ने लक्ष्मी भण्डारी (ना.प्र.नं. ३५१०१५/१२०० जारी मिति र जिल्ला : २०६८/०९/१२, चितवन)

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण : मिति २०८१/०८/०९ को कारोबार दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

"नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ